# १२ सृष्टि र सुसमाचार

*यस अध्यायको निम्ति पढ्नुहोस्:* उत्पत्ति ३:२१, भजन १०४:२९,३०, यूहन्ना १:४, रोमी ५:६-११, गलाती ३:१३, मत्ती २७:४६।

*स्मरण गर्नुपर्ने पद:* "आदमकै कारणले गर्दा सबै मानिस मर्नुपर्ने भयो। त्यसकारण येशूख्रीष्टको कारण सबै जना जीवित हुनेछ" (१ कोरन्थी १५:२२ रूपान्तरित)।

**परमेश्वरको स्वरूपमा आदम र हब्बालाई सृष्टि गरिएको थियो भनेर बाइबलले उल्लेख गर्दछ।** तिनीहरू सिद्ध थिए। तिनीहरूमा कुनै खोट थिएन। तर तिनीहरूलाई आत्मनिर्णयको अधिकार दिइएको थियो। तिनीहरूलाई विवेकको स्वतन्त्रता दिइएको थियो। हृदयदेखि प्रेम गर्न सक्षम् बनाउन स्वविवेकको स्वतन्त्रता आवश्यक थियो। जब आदम र हब्बाले परमेश्वरको विरोधमा विद्रोह गरे तिनीहरू सैतानको पासोमा परे। (हिब्रू २:१४ पढ्नुहोस्)। तिनीहरूको पतनले गर्दा सारा संसार शत्रुको अधिनमा पारियो। तर सैतानको कामलाई नाश गर्न र उसको शक्तिबाट हामीलाई स्वतन्त्र पार्न येशू आउनुभएको थियो (१ यूहन्ना ३:८)। हाम्रो बदलीमा क्रुसमा उहाँ मर्नुभएर त्यो काम उहाँले सम्पन्न गर्नुभएको थियो। उहाँले हामीलाई जीवन दिन बाचा गर्नुभएको छ। पापप्रति परिचित नभएतापनि क्रुसमा उहाँ हाम्रो निम्ति पापी हुनुभयो (१ कोरन्थी ५:२१ रूपान्तरित)। पापले गर्दा परमप्रभु परमेश्वर पितासँग छुटापाट हुनुपर्ने अनुभव येशूले गर्नुभएको थियो। आदम र हब्बाको कारणले पाप आउँदा परमेश्वर र मानिसको बीचमा सम्बन्ध टुटेको थियो। तर त्यो तोडिएको सम्बन्ध येशूले आफ्नो मृत्युद्वारा जोड्नुभएको थियो।

ती सबै विषयवस्तुहरू सृष्टिको वृतान्तसँग सम्बधित छन्। जसरी आफ्नो शक्तिद्वारा यस संसार रच्नुभयो, त्यहि शक्तिद्वारा उहाँका जनहरूलाई नयाँ हृदय रचिदिनुहुनेछ (२ कोरन्थी ५:१७)। नयाँ हृदय हुनु भनेको हामीभित्र रहेको परमेश्वरको स्वरूपलाई नविकरण गर्नु हो र परमेश्वरसँग विछोड भएको सम्बन्ध फेरि गाँस्नु हो।

## १. अदनको बँगैचामा परमेश्वरको अनुग्रह (उत्पत्ति ३:९-१५)

परमेश्वरको स्वरूपमा सृष्टिभएको आदम र हब्बा शुद्ध र निर्दोष मानव जाति थिए। तर तिनीहरू पापमा फसे। त्यसको परिणामले मृत्युलाई निम्त्याइयो। पापतिर नढल्कनु भने परमेश्वरले अघिबाटै चेतावनी दिनुभएको थियो। परमेश्वरले तिनीहरूलाई के निर्देशन दिनुभएको थियो सो तिनीहरूले बुझेका थिए। आदम र हब्बालाई परमेश्वरले के भन्नुभएको थियो भनेर सर्पले पनि भनेको थियो। तैपनि ती दुवै जनाले पाप गरे।

कतिपय समयमा हामी पनि हब्बा जस्तै हुन्छौं। किनभने बेला बेलामा हामी पापको दाउपेचमा हामी फस्छौं। तर अरू समयमा हामी आदम जस्तै जानाजानी पापमा फस्छौं। जे भएतापनि परमेश्वरको आज्ञालाई तोड्ने भएकोले हामी पापी र दोषी छौं।

**आदम र हब्बाको पापलाई परमेश्वरले के भन्नुभएको थियो भनेर उत्पत्ति ३:९-१५ पढेर सोच्नुहोस्: " परमप्रभु परमेश्वरले आदमलाई बोलाउनु भयो अनि सोध्नु भयो, "हे आदम, तिमी कहाँ छौ?" 10 तब त्यसले उत्तर दियो, "तपाईको आवाज मैले बगैंचा भित्र आएको चाल पाएँ र म नाङ्गैं रहेको हुँदा डराएँ र म लुकिरहेको छु।" 11 तब परमप्रभु परमेश्वरले भन्नुभयो, "तिमी नाङ्गैं छौ भनी कसले भन्यो? के तिमीले मैले जुन रुखबाट फल नखानु भनी आज्ञा दिएको थिएँ त्यसैको फल त खाएनौ?" 12 त्यस मानिसले भने, "त्यहि स्त्री जो तपाईंले मसित बस्न दिनु भयो, उनैले मलाई रूखको फल दिईन् अनि मैले खाएँ।" 13 तब परमप्रभु परमेश्वरले त्यस स्त्रीलाई भन्नुभयो, "तिमीले किन यस्तो काम गर्यौ?" तब त्यस स्त्रीले भनी, "सर्पले मलाई धोका दियो र मैले त्यो फल खाएँ।" 14 तब परमप्रभु परमेश्वरले सर्पलाई भन्नुभयो, "तैंले यस्तो काम गरेको हुनाले तँलाई अन्य पशुहरू गाई-वस्तु र अरू सबै जंङ्गली पशुहरुलाईभन्दा अझै ज्यादा श्राप दिनेछु।" तैंले तेरो जीवन भरी आफ्नो पेटले घस्रन्दै र माटो खान्दै बस्नु पर्नेछ। 15 म तँ र त्यस स्त्रीको बीचमा शत्रुता खडा गर्नेछु। तेरो सन्तान र त्यस स्त्रीका सन्तानको बीचमा यस्तो शत्रुता खडा गरिदिनेछु कि उनका सन्तानको वंशले तेरो टाउको किच्याउने छन् अनि तेरा सन्तानले पनि त्यस वंशको कुर्कुचामा डस्ने छन्।" (रूपान्तरित)।**

परमेश्वरले त्यत्तिखेर नै पापको छानबिन गरेर त्यसको फैसला सुनाइ सक्नुभएको थियो। बँगैचामा के भइरहेको थियो सो परमेश्वरलाई

थाहा पाउन छानबिन भएको थिएन किनभने त्यस त्यहाँ के भइरहेको थियो सो परमेश्वरलाई थाहा थियो। तर आफूले गरेको कामप्रति जिम्मेवारी लिन परमेश्वरले आदम र हब्बालाई अवसर दिनुभएको थियो। परमेश्वरतिर पश्चाताप गरि फर्कने त्यो पहिलो प्रक्रिया थियो। अनि त्यसपछि पुःन संरचना अर्थात विग्रेको सम्बन्ध टालिएर फेरि सम्बन्ध गाँस्ने अवसर पनि थियो। आदम र हब्बालाई नै के भयो भनेर परमेश्वरले प्रश्न गर्नुभएको थियो। हो, तिनीहरूले आफ्न अपराध त स्वीकार गरे। तिनीहरू दोषी भए र तिनीहरूको पापको परिणाम त्यहाँ तुरन्तै भोग्नु पऱ्यो। तर स्त्रीको वंश र सैतानको बंशको बीचमा हुने द्वन्ध र त्यसको परिणाम नै सुसमाचारको पहिलो प्रतिज्ञा थियो।

ममतामयी परमेश्वरले आदम र हब्बालाई के थप अनुग्रह देखाउनुभयो भनेर उत्पत्ति ३:२१मा यसरी बताउँदछः "**परमप्रभु परमेश्वरले पशुको छालाको लुगा बनाउनु भयो र त्यो मानिस र उसकी पत्नीलाई लगाइ दिनु भयो।" (रूपान्तरित)**

मृत्यु अपेक्षा नगरेको ठाउँबाट आए। आदम र हब्बा मर्नुपर्ने ठाउँमा पशुलाई मारियो र त्यसको छालाबाट तिनीहरूको नग्नतालाई परमेश्वरले छोपीदिनुभयो। आदमको लागि पशु बलि हुनुपरेकोले उसलाई के भयो होला? अदनकै बँगैचामा आदमले पहिलो मृत्यु देख्नु परेको थियो। त्यसले आदमको दिमागमा अत्यन्त ठूलो मानसिक पिडा ल्याएको हुनुपर्छ। उसकै आँखाको अगाडि पशुको छाला काढेर परमेश्वरले त्यसको लुगा बनाइदिनुभएको थियो। नग्नतालाई छोप्न आदमको शरीरमा त्यस छाला ओढाइदिएको थियो। परमेश्वरकै हातबाट दिइएको त्यो लुगा प्रत्येक पल्ट जब आदमले देख्थे वा छुन्थे, शायद आफूले के गरेर त्यस अवस्थामा पुग्नु परेको थियो भनेर आदमले सोच्नुपरेको थियो। फेरि आफ्नो भुलले के कुरा गुमाउनु पऱ्यो सो पनि त्यस छालाले उसलाई सम्झना गराइरहेको हुन्थ्यो। अझ यसमा अत्यन्त उल्लेखनीय कुरो त यो छ, जब आदमले पाप गरे, उसले झारपातबाट धोती बनाएर आफ्नो नग्नता छोपेको थियो, जुन केहि समयमै ओइलिएर जान्थ्यो, तर परमेश्वरले त्यो भन्दा दिगो नओइलिने छालाको लुगा बनाएर आदमलाई ओढाइ दिनुभयो। त्यो भन्दा परमेश्वरको अनुग्रहको उत्कृष्ट नमूना अरू के हुन्थ्यो होला? त्यस

छालाले आदमलाई परमेश्वरको माया, ममता र अनुग्रहको सम्झना गराइरहन्थ्यो।

**परमेश्वरले हामीलाई देखाउनुभएको अनुग्रहप्रति हामी सबै जना कृतज्ञ हुनुपर्दछ। उहाँप्रति कृतज्ञता व्यक्त गर्नु भनेको अरूलाई अनुग्रह देखाउनु जस्तो सऱ्हानिय काम अरू के होला? तत्कालै तपाईंले कसैलाई तपाईंको अनुग्रह, माया ममता देखाउनुपर्ने कोहि छ त?**

## २. मृत्यु र पाप (भजन १०४:२९,३०)

आदम माटोबाट बनिएको हुनाले उनी मरेपछि माटैमा बिलाएर जानेछ भनेर परमेश्वरले उनलाई भन्नुभएको थियो जुन् उत्पत्ति ३:१९मा उल्लेख गरिएको छ। त्यो आदमलाई मात्र होइन, हामी सम्पूर्ण मानवजातलाई त्यो लागु हुन्छ। हामी कुनै नरबाँदरमा झर्दै झर्दै शुक्ष्म भएर माटोमा मिल्न जाँदैनौं किनभने हामीहरू नरबाँदरबाट सृष्टि भएका होइनौं। हामी माटोबाट बनिएका हौं। त्यसै कारण माटैमा हामी फर्कन्छौं।

**देहायका पदहरूमा हामीलाई अत्यन्त महत्त्वपूर्ण सत्यलाई खुलासा गरिएको छ। त्यस सत्यले हामी जीवन कसरी प्रभाव पार्दछ? हेरौं:**

**उत्पत्ति २:७ " तब त्यसपछि परमप्रभु परमेश्वरले भूँईबाट माटो लिनुभयो। त्यसलाई मुछ्नुभयो अनि मानव आकार बनाउनुभयो। परमप्रभुले त्यस अजीव मानिसको नाकमा जीवनको सास हालिदिनु भयो र त्यस मानिस जीवित प्राणी भयो।" (रूपान्तरित)**

**भजन १०४:२९,३० " जब तपाईं तिनीहरूबाट तपाईंको अनुहार लुकाउनुहुन्छ तब तिनीहरू भयभीत हुन्छन्। तिनीहरूमा भएका जीवनको सास फुस्काइ दिनुहुन्छ, तिनीहरू कमजोर भएर मर्छन् अनि तिनीहरूका शरीरहरू फेरि धुलोमाटोमै मिसिन्छन्।"**

**यूहन्ना १:१-४ "संसार सृष्टि हुन पहिल्यै त्यहाँ वचनथियो। त्यो वचन परमेश्वरसंग थियो, अनि वचननै परमेश्वर हुनुहुन्थ्यो। 2 उहाँको वचन शुरूमा परमेश्वसंग हुनुहुन्थ्यो। 3 सबै थोक उहाँले नै सृष्टि गर्नुभयो। उहाँ विनाकेही पनि सृष्टि भएन। 4 उहाँमा स्वयं जीवन थियो। त्यो जीवन मानिसहरूको निम्ति ज्योति थियो।" (रूपान्तरित)।**

**पावलले एथेन्सका बुज्रुकहरूलाई तिनीहरूको निम्ति अनजान परमेश्वरको बारेमा यसरी सम्बोधन गरेका थिएः उहाँ त्यही परमेश्वर हुनुहुन्छ जसले सारा संसार बनाउनु भयो र त्यहाँ भएका यावत थोक बनाउनु भयो। उहाँ धर्ती र स्वर्गका परमप्रभु हुनुहुन्छ। उहाँ मानिसहरूलका हातले बनाएका मन्दिरहरूमा बस्नु हुन्न। 25 उहाँले नै जीवन, प्राण र सबै थोक मानिसहरूलाई दिनुहुन्छ। उहाँलाई मानिसहरूको कुनै सहयोगको खाँचो छैन। उहाँलाई चाहेका सबै कुराहरू उहाँसंग छन्।" (रूपान्तरित)।**

जीवन पाउनु भनेको अत्यन्त अचम्मको अनुभव हो। जीवन कस्तो छ भनेर हामी सबैलाई थाहा छ। यद्यपि जीवनमा केहि रहस्यमय छ। मानिसलाई टुक्रा टुक्रा गर्न सक्छौं। अनि मानिसमा आट्म र मलिक्युल वा अणु तथा परमाणुहरू बाहेक अरू केहि पनि हुँदैन। तिनीहरूलाई सिसीमा राखेर तताउन सक्छौं र बिजुलीको करेन्ट लगाइ दिनसक्छौं वा प्रयोगशालामा अरू विभिन्न परिक्षण गर्न सक्छौं। तर कुनै पनि मैहुँ भन्ने वैज्ञानिकले पनि त्यसलाई जीवन दिएर बिउँताउन सक्दैन। मानिसको जीवित शरीरमा वा जीवित कोशहरूमा "जीवन" भन्ने "पोको" हुँदैन। जीवन भनेको सारा जीवित प्रणालीको भाग हो। "जीवन वा जीवित आत्मा" भन्ने गुणलाई कुनै सेल वा कोशहरूबाट अलग गर्न सकिन्दैन।

तर कसरी मृत्यु ल्याउने त्यसका धेरै उपायहरू हामीलाई थाहा छ। जीवित प्राणीहरूलाई मार्न धेरै तरिकाहरू हामीले आविश्कार गरेका छौं। भयानक हिंसा र निर्दयता अपनाएर मानिसहरूको हत्या दिनदिनै भइरहेको छ। त्यसले मानिसको हृदय कत्तिको पापी र कठोर रहेछ भनेर देखाइरहेको छ। मार्न त सक्छ तर त्यसलाई जीवन दिने तागत कसैको छैन। त्यो हाम्रो सामर्थ भन्दा बाहिरको कुरो हो। जीवित थोक वा प्राणीहरू सृष्टि गर्ने खूबी केवल परमेश्वरमा मात्र छ। विभिन्न प्रयोगशालाहरूमा वैज्ञानिकहरूले जीवन सृष्टि गर्न प्रयास गरेका थिए र गरिनै रहेकाछन्। यदि तिनीहरूले त्यो कार्य सम्पन्न गर्न सक्यो भने परमेश्वरमा विश्वास नगर्ने बहाना निकाल्न सक्छ भनेर तिनीहरूले सोचेका हुन्छन्। अहिलेसम्म तिनीहरा प्रयासहरू असफल भइरहेकाछन्।

**पापले गर्दा परमेश्वर र हाम्रो बीचको सम्बन्ध कसरी बिग्रियो भनेर यशैया ५९:२मा यसरी उल्लेख गरेको छः " तर तिमीहरूको पापले**

**गर्दा तिमीहरू र परमेश्वर माझमा एउटा तगारो खडा भएकोछ। तिमीहरूका पापले गर्दा उहाँको मुहार तिमीहरूबाट छेकिएको छ।" (रूपान्तरित)।**

हामी जीउने प्राण केवल परमेश्वरबाट मात्र आउँदछ। परमेश्वरबाट अलग हुनु भनेको जीवनदातासँगको सम्बन्ध तोड्नु हो। परमेश्वरबाट अलग हुनुको अर्थ मृत्युलाई निम्त्याउनु हो। बाइबलमा सबभन्दा धेरै आयु लिएर बाँच्न मानिस मेथुसेला थियो। उनी ९६९ वर्ष सम्म बाँचे। तैपनि अन्तमा "उनी मरे" भनेर बाइबलले भन्दछ। पापले जीवनबाट अलग गराउँछ। त्यसको अन्तिम परिणाम मृत्यु हो।

## ३. "जब हामी पापी नै थियौं".......(रोमी ५:६-११)

परमेश्वर सत्यवादी हुनुहुन्छ। उहाँमा निश्वार्थ प्रेम छ। मानिसलाई पापबाट राहत दिन उहाँ चाहनु हुन्छ। मानिसलाई पापबाट मुक्ति दिन उहाँ आतुरी हुनुहुन्छ। सारा बाइबलमा त्यस विषयले भरिएको छ। आदम र हब्बाले पाप गरेपछि तिनीहरूलाई तिनीहरूकै इच्छा अनुसार सैतानको पासोमा सुम्पिदिनु परमेश्वरको अधिकार हो। तर आदम र हब्बाले गरेको गल्तीको पूरा अर्थ तिनीहरूलाई थाहा थिएन भनेर परमेश्वरलाई थाहा थियो। त्यसकारण पापको ज्यादतीबारे तिनीहरूले राम्रोसँग जानकारी लिन पाउन् भनेर परमेश्वरले तिनीहरूलाई अवसर दिनुभयो, जसले गर्दा तिनीहरूले फेरि आफ्ना आत्मनिर्णयलाई उचित ढँगमा प्रयोग गरोस्।

**परमेश्वरको अनुग्रहलाई बुझ्न पावलले व्यक्त गरेका रोमी ५:६-११ पढौं: " हामी दुर्बल भएकै बेलामा ख्रीष्ट अधर्मीको निम्ति ठिक समयमा मर्नुभयो। धर्मात्माको निम्ति मर्ने कोहि तयार होला, असल मानिसको निम्ति कोहि मर्न आँट गरिएला। तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसरी देखाउनुभयो, कि हामी पापी छँदै ख्रीष्ट हाम्रो निम्ति मर्नुभयो। 9 यसकारण उहाँको रगतद्वारा धर्मी ठहरिएको हुनाले परमेश्वरको क्रोधबाट झन बढि बच्नेछौं। किनकि हामी शत्रु छँदै उहाँका पुत्रको मृत्युद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको थियो। उहाँसँग झन बढि मिलाप भएको हुनाले ख्रीष्टको जीवनद्वारा हामी उद्धार पाउँछौं। यतिमात्र होइन, हाम्रा प्रभु येशूख्रीष्टद्वारा परमेश्वरमा हामी रमाउँदै पनि**

**छौं। उहाँले गर्दा नै हामी अब परमेश्वरसँग मिल्न पाएका छौं।" (रूपान्तरित)।**

जब कुनै मानिसले हामीसँग झगडा गऱ्यो वा गल्ती गऱ्यो भने त्यसलाई क्षमा दिनु पहिले त्यसबाट माफी माग्न हामी अपेक्षा गर्दछौं। हो, कसैको माफी पाउनु असल कुरो हो। आफूले गरेको भुलको महशुस गरेर कसैले माफी माग्दछ भने त्यो भुल गर्ने व्यक्तिको मन अत्यन्त हलुका हुन्छ र पूर्ण रूपमा आफ्नो दोषबाट ऊ मुक्त हुन्छ। तर सदाशयी परमेश्वरले हामीलाई क्षमा दिन हामीहरूको माफी माग्न उहाँ पर्खनुभएन। मानिसलाई उद्धार गर्ने कदम उहाले नै पहिले चाल्नुभयो। हामी पापको दलदलमा नै फसिरहेको बेलामा हाम्रो निम्ति येशू मर्नुभयो। त्यो जस्तो उच्च शीखरको प्रेम अरू कुनैमा होला र?

हामीहरूको व्यवहार वा निति के परमेश्वरसँग तुलना उचित होला? कसैले हामीलाई अलिकति चोट पुऱ्यायो भने पनि हामीलाई बेइज्जत भएको अनुभव गर्दछौं। त्यस व्यक्तिसँग रीसाउँछौं र बदला लिन अग्रसर हुन्छौं। हामीले एक आपसमा त्यसरी व्यवहार गरेको जस्तै परमेश्वरले हामीलाई व्यवहार गर्नु हुन्न। त्यसकारण हामी परमेश्वरप्रति कृतज्ञ हुनुपर्दछ।

जुन प्रकारले परमेश्वरले पापीहरूप्रति आफ्नो व्यवहार देखाउनुभयो त्यसले प्रेमको असल परिभाषा देखाउँदछ। प्रेम भनेको कुनै जोश वा भावनामा भर पर्दैन तर निश्चित नितिमा भर पर्दछ। चोत पुग्ने वा वेइज्जत पाउने व्यक्ति र चोत पुऱ्याउने वा वेइज्जत गराउने व्यक्तिलाई सँगै राख्नुपर्दछ र तिनीहरूको बीचमा शान्ति सम्झौता गराउनुपर्दछ। परमेश्वर आफैले त्यो शान्ति सम्झौता कसरी सुरू गर्नुभयो र पापप्रति उहाँको चासो कस्तो थियो भन्ने उत्कृष्ट उदाहरण उहाँले आदम र हब्बालाई गर्नुभएको व्यवहारले देखाउँदछ।

**"क्रुसलाई हेर्दा हामी अत्यन्त गम्भिर दुःख मान्नुपर्दछ। यदि तपाईं हृदयदेखि आफ्नो पापको निम्ति दुःखित हुनुभयो भने त्यहि क्रुसको आधारमा तपाईंले क्षमा पाउनुहुनेछ। ख्रीष्ट येशू अति महान् र निर्दोषी हुनुहुन्छ, तर संसारका सारा मानिसहरूको पाप बोक्न उहाँले पिडादायी मृत्यु किन भोग्नुभयो त? उहाँको महान् कष्टको पूरा रूपमा हामी कल्पना गरेर पनि बुझ्न सक्दैनौं। उहाँको प्रेम कतिको लामो, फराकिलो, उच्च र गहिरो छ, त्यो हामीले बुझ्न सक्दैनौं।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज**

फर द चर्च, ठेली २, पृ. २१३बाट रूपान्तरित। हो, परमेश्वरको प्रेम र सदाशयतालाई हामी बुझ्न नसकौंला, यद्यपि त्यो बुझ्न कोशिस गर्नु किन जरूरी छ?

## ४. हाम्रा पापहरू स्वीकार गरि हाम्रो बदलामा मृत्यु सहने येशू (गलाती ३:१३)

गलाती ३:१३को मर्मलाई गहिरो गरेर सोच्नुहोस्: "13 व्यवस्थाले हामीमा श्राप ल्यायो तर ख्रीष्टले त्यो श्रापको मोल तिरेर त्यस श्रापबाट हामीलाई हटाइदिनु भयो। हामी मर्नुपर्ने ठाउँमा उहाँ मर्नुभयो र उहाँ आफैले हाम्रो श्राप थाप्नुभयो। शास्त्रमा यो लेखिएकोछ, "जब कसैको शरीर रूखमाथि झुण्डयाइन्छ त्यो श्रापित हो।"(रूपान्तरित)।

माथिको उपरोक्त मनतव्यमाथि सोच्ने प्रक्रियामा यो नबिर्सनुहोस् कि ख्रीष्ट परमेश्वर हुनुहुन्छ। हामीलाई मुक्ति दिन परमेश्वरले कस्तो कदम चाल्न राजी हुनुभयो? त्यहि सन्दर्भमा हामी कति दुःखित हुनुपर्दछ सोच्नुहोस्: कतिपय मानिसहरूले उहाँको मुक्तिको योजनालाई लत्याउन खोज्दछन्। यस संसारमा अर्थपूर्ण जीवन बिताउन र अनन्त जीवन पाउन परमेश्वरको कदमलाई कसैले वास्ता गर्न चाहन्दैन भने त्यसको फल कसले भोग्छ वा भोगिरहेको छ, आफ्नो चारैतिर हेरेर जवाफ दिनुहोस्।

हामीहरूको पापको दोष आफूमाथि लिनुभएर र परमेश्वरबाट अलग हुन जोखिममा परेर क्रुसमा मारिनुहुँदा अदनको बँगैचामा रचिएको मुक्तिको योजना येशूले सम्पन्न गर्नुभएको थियो। स्त्रीको सन्तान वा वंशले सर्पको टाउको कुच्च्याइनेछ भन्ने कबोल येशूले नै पूरा गरिदिनुभएको थियो। येशू ख्रीष्टको त्याग र बलिदानले गर्दा परमेश्वर र मानिसको बीचमा भएको क्षतविक्षत सम्बन्ध फेरि जोडिन पुगेको थियो। यस जगतबाट दुष्ट वा खराबलाई सदाको निम्ति हटाइनेछ प्रक्रिया क्रुसबाट सुरू भएको थियो (हिब्रू २:१४, प्रकाश २०:१४)।

गलाती ३:१३लाई मध्यनजरमा राखेर मत्ती २७:२६ पनि पढ्नुहोस्। क्रुसमा येशूले कस्तो खालको पिडा भोग्नुभयो भनेर उहाँले व्यक्त गर्नुभएको चित्कारले कसरी देखाउँछ?

पापले गर्दा हामीलाई ल्याएको श्राप ख्रीष्टले क्रुसमा बोक्नुभयो। परमपिता परमेश्वरसँगको आफ्नो प्रतिष्ठामा त्यसबेला बदलावट ल्याइएको थियो। येशू मर्नुभन्दा अघिको यहूदी संस्कारमा पापीको बदलीमा

ल्याएको पाठो मन्दिरको वेदीमा बलि चढाइन्थ्यो। त्यहि प्रकारले येशू क्रुसमा स्वइच्छाले जानुहुँदा पितासँग आसिन हुनुभएको स्थान बदलिएको थियो। परमपिता परमेश्वरबाट छुट्टिनुपर्दा पापको भारी श्रापको अनुभव येशूले गर्नुभएको थियो। स्पष्ट रूपमा भन्ने हो भने परमपिता परमेश्वरसँग सदासर्वदा रहनुहुने येशू आफ्नो पिताबाट अलग भएको अनुभव गर्नुभएको थियो। त्यस स्थितिलाई एलेन जी ह्वाइटले भन्नुहुन्छः “दैविक शक्तिसँगको सम्बन्ध बिच्छेद।"-मान्युस्क्रिप्ट ९३, १८९९बाट रूपान्तरित। हो, त्यस क्षणमा के भइरहेको थियो सो पूरा रूपमा बुझ्न कठिन छ। तर हामीहरूको मोल कत्तिको रहेछ भनेर देखाउन परमेश्वरले ठूलो मोल तिरी दिनुभएको कुरा केहि हदसम्म हामीलाई थाहा छ। हामीलाई मुक्ति दिन येशूले आफ्नो ज्यानलाई बाजी लगाउनुभयो।

## ५. नयाँ सृष्टि वा नव जीवन (२ कोरन्थी ५:१७)

सुसमाचारको महान् सन्देश नै येशू हाम्रो बदलीमा मर्नुभएको विषयमा केन्द्रित छन्। हामीहरूको पाप येशू आफैले बोक्नुभयो। हामीहरूले भोग्नुपर्ने सजायँ उहाँ आफैले भोगेर तिरी दिनुभयो। ख्रीष्ट हाम्रो बदलीमा मर्नुभयो भन्ने विषयवस्तु पनि सृष्टिको कथासँग जोडिएको हामीले हेऱ्यौं। मृत्युलाई नाश गर्न ख्रीष्ट आउनुभयो। परमेश्वरको सृष्टिको महान् शत्रु मृत्यु हो। यदि मानिसलाई सृष्टि गर्ने प्रक्रियामा परमेश्वरले विकासवादको सिद्धान्त अपनाउनुभयो भने मृत्यु मानिसको हितको निम्ति उहाँले तयार गर्नुभएको पहिलो योजना हुनसक्थ्यो। त्यसको अर्थ जुन प्रकारले परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो त्यसमा मृत्युले उल्लेखनीय भूमिका खेलेको हुन्थ्यो। त्यसकारण सृष्टिको कथालाई बुझ्न विकासवाद सिद्धान्तलाई मान्नु असल छैन भनेर इसाईहरूको धारणाप्रति अचम्म मान्नु पर्दैन।

हाम्रो निम्ति ख्रीष्टको मृत्युलाई बुझ्न उत्पत्तिको पुस्तकमा उल्लेखित सृष्टिको कथालाई विश्वास गर्नु अत्यन्त आवश्यक छ। फेरि त्यसैले मुक्तिको योजनाको अर्को पाता बुझ्न पनि सघाउँछ। त्यो हो अहिले नै परमेश्वरले हामीमा गर्नुहुने सृष्टिको काम जुन यदि हामीले उहाँको पवित्रतामा सहभागी हुन चाह्यौं भने।

उत्पत्ति १ र २ अध्यायमा परमेश्वर सृष्टिकर्ता भएर जुन रूपमा खडा हुनुभयो त्यहि रूपमा हाम्रो जीवनमा अहिले पनि सृष्टिकर्ता भएर खडा हुन चाहनुहुन्छ। देहायका पदहरूले त्यो विषयलाई कसरी पुष्टि गर्दछ?

दाउदको चाहनाः भजन ५१:१० " हे परमेश्वर, मभित्र शुद्ध हृदय सृजना गरिदिनु होस्! म भित्र एउटा नडगमगाउने स्थिर आत्मा पुनर्जीवित पार्नुहोस्।"

इजकिएल ३६:२६,२७ " म तिमीहरूमा एउटा नयाँ हृदय दिनेछु र तिमीहरूभित्र म नयाँ आत्मा हाली दिनेछु। तिमीहरूको पत्थरको हृदय निकालेर म त्यसको सट्टामा तिमीहरूलाई (कमलो) मासुको हृदय दिन्छु। 27 तिमीहरूभित्र मेरो आत्मा मैले हालिदिनेछु। तिमीहरूले मेरा विधिहरू पालन गर्नेछौ र मेरा नितिनियमहरू सावधानीसित पालन गर्ने तुल्याउनेछु।" (रूपान्तरित)।

कलस्सी ३:१० "तिमीहरूले नयाँ स्वभाव धारण गरेका छौ।सृष्टिकर्ताको रूप अनुसार आत्मज्ञानमा तिमीहरू नयाँ भइरहेका छौ।" (रूपान्तरित)।

२ कोरन्थी ५:१७ "त्यसकारण कोहि ख्रीष्टमा छ भने वा इसाईं हुँ भनेर दाबी गर्छ भने त्यो नयाँ सृष्टि हो। पुरानो जीवन बितिगएको छ। हेर त्यसमा नयाँ जीवन आएको हुन्छ।" (रूपान्तरित)।

हामीहरूको कठोर वा निर्दयी हृदयलाई निकालेर नयाँ हृदय राखीदिने काम केवल परमेश्वरले मात्र गर्न सक्नुहुन्छ। हामीहरूको आफ्नै अथक प्रयासले त्यो गर्न सक्दैनौं। जसले यस संसारलाई सृष्टि गर्नुभयो र जसले हाम्रा प्रथम् पूर्खालाई सृष्टि गर्नुभयो त्यहि सृष्टिकर्तामाथि हामी भरपर्नुपर्दछ। भजन ५१का लेखक दाउदले आफ्नो आवश्यकतालाई जानेर नै परमेश्वरसँग नयाँ सृष्टिको कामद्वारा आफ्नो समस्या सुल्झाइदिन अनुरोध गर्दछन्।

यथार्थमा यदि कोहि मानिस ख्रीष्ट येशूमा छन् भने त्यो नयाँ सृष्टि हो। पुराना विचार, वा सोच्ने संस्कार आदिलाई हटाएर त्यसको स्थानमा नयाँ सृष्टि भएको दिमाग भरिदिनुपर्दछ। हामीहरूको दिमाग असल काम गर्न रचिएको हो। त्यो परमेश्वरै इच्छा हो। वर्तमान जीवनमै यस्तो खालको पुनर्जीवन हामीले अनुभव गर्ने काम परमेश्वरको हो। पवित्र आत्माको शक्तिले हाम्रो जीवनलाई परिवर्तन गराउँछ।

जसरी सृष्टिको कथामा हामीले परमेश्वरको सृष्टिगर्ने शक्तिलाई देखाइएको थियो, परमेश्वरको त्यहि सृजनात्मक शक्तिले हाम्रो जीवनलाई परिवर्तन पार्न सक्नुहुन्छ र उहाँसँग टुटिएको सम्बन्ध फेरि हामी गाँस्न पुग्छौं।

**खीष्टमा नयाँ सृष्टि हुनु भनेको के हो तपाईंले अनुभव गर्नुभएको छ? तपाईंको चोलामात्र परिवर्तन भएको छ कि आत्म पनि परिवर्तन भएको छ? खीष्टमा आत्मपरिवर्तन अर्थात् नव जीवन पाउनु भनेको तपाईंको निम्ति के हो? आत्मपरिवर्तन भएर येशूमा लागेको कोहि व्यक्ति तपाईंले चिन्नुभएको छ?**

## उपसंहारः

<u>थप जानकारीः</u> “केहि कुराहरू हाम्रो स्वामी परमेश्वरले गोप्य राख्नुभएको छ। तर अरू कतिपय कुराहरू हामीलाई र हाम्रा सन्तानहरूलाई सदाको निम्ति खुलाइ दिनुभएको छ (व्यवस्था २९ः२९)। परमेश्वरले आफ्नो सृष्टिको काम कसरी सुसम्पन्न गर्नुभयो सो कुरा मानिस जातिलाई कहिलै पनि खुलाउनुभएको छैन। परमेश्वरको रहस्यतालाई मानव विज्ञानले खोजेर भेट्टाउन्दैन। जसरी उहाँले तर्जुमा गर्नुभएको अनन्त जीवनलाई हामी बुझ्न सक्दैनौं त्यसरी नै परमेश्वरको सृष्टि गर्ने कामलाई हामीले बुझ्न सक्दैनौं।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ११३बाट रूपान्तरित।

“बाक्लो अन्धकारमा परमेश्वरको उपस्थिति लुकिएको छ। परमेश्वरले अन्धकारलाई आफ्नो छाना बनाउनुहुन्छ र आफ्नो यशस्वीमय महिमा मानिसको आँखाबाट लुकाइ राख्नुहुन्छ। परमेश्वर र उहाँका पवित्र स्वर्गदूतहरू क्रुसको वरिपरि थिए। आफ्नो पुत्रसँग परमेश्वर पिता हुनुहुन्थ्यो। तर मानव चोला लिनुभएको येशूलाई यो थाहा थिएन कि परमेश्वर उहाँको नजिकमा हुनुहुन्थ्यो। यदि त्यसबखत परमेश्वरको तेजस्वीमय महिमा बादलबाट चम्केको भए सारा मानव दर्शकहरूको नाश हुन्थ्यो। त्यस आततायी बखतमा परमेश्वर पिता उहाँको नजिक हुनुहुन्थ्यो भन्ने ज्ञानले उहाँलाई सान्त्वना नदिने पक्षमा नै थियो। येशू एक्लैले महा पिडा भोग्नु परेको थियो। त्यसबखत उहाँलाई सहायता गर्ने कोहि व्यक्ति पनि थिएन।"-एलेन जी ह्वाइट, द दिजाएर अभ एजेज्, पृ. ७५३, ७५४बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. सृष्टिको वृतान्तसँग सुसमाचार कसरी गाँसिएको छ? उत्पत्ति १-३ अध्यायसम्मको कथामा सुसमाचारका मूख्य पक्षहरू के के छन्? येशूको कथा उत्पत्तिको ऐतिहासिक तथ्यसँग किन आधारित छन्? यदि आदम र हव्वा नै थिएन भने येशूको कथाको अर्थ के हुन्थ्यो होला?

आ. सृष्टिको काम परमेश्वरबाट नै सम्पन्न भएको थियो भनेर बाइबलले दाबी गर्दछ। त्यो काम विज्ञानलाई थाहा छैन तर परमेश्वरलाई मात्र थाहा छ। उहाँको काम कसरी सम्पन्न भयो भनेर केवल परमेश्वरले मात्र हामीलाई देखाउन सक्नुहुन्छ। तर वैज्ञानिकले कुनै पनि प्रयोगशालाबाट परमेश्वरको काम देखाउन सक्दैन। त्यसैकारण विज्ञान र बाइबलको बीचमा हरदम चर्काचर्की भइरहेको हामी पाउँछौं। परमेश्वरको सबै सृष्टिको काम विज्ञानले प्रमाणित गरेर वाख्या गरिदिनसक्छ भन्ने धारणा किन गलत छ?

इ. प्रकाश १४:६,७मा सुसमाचार, सृष्टि र न्यायको बारेमा कस्तो सम्बन्ध देखाइएको छ?

ई. येशू मर्नुहुनेछ र छोटो समयमै बौरि उठ्नुहुनेछ भन्ने कुराको जानकारी येशूमा पहिलेनै थियो भनेर कतिपय इसाईका आलोचकहरूले तर्क गर्दछन्। उहाँको मृत्यु केवल छोटो समयको निम्ति मात्रै थियो भने त्यो मृत्युको बारेमा किन यस्तो ठूलो चासो भनेर तिनीहरूले तर्क प्रस्तुत गर्दछन्। मत्ती २७:४ र एलेन जी ह्वाइटले द दिजायर अभ एजेजमा माथी व्यक्त गरेको भावनाबाट उपरोक्त तर्कलाई जवाफ दिन कसरी सहायता गर्दछन्?